# लोक सेवा आयोग
# सुर्खेत कार्यालय
## (परीक्षा शाखा)

वीरेन्द्रनगर, सुर्खेत


**सूचना नं. ९२/०८१- ८२, मिति: २०८२/०२/२१**

**रा.प. अनं. द्वितीय श्रेणी (प्राविधिक), गणक पदको**

**लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना**

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतको विज्ञापन नं. **१४८६८-१४८६९/०८१-८२ (खुला/समावेशी), रा.प.अनं. द्वितीय** श्रेणी **(प्राविधिक), आर्थिक योजना तथा तथ्याङ्क** सेवा, **तथ्याङ्क** समूह, **गणक** पदको लागि **सुर्खेत** र **हुम्ला** परीक्षा केन्द्र राखी आवेदन दिएका मध्ये दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको लिखित परीक्षा आयोगको पूर्व प्रकाशित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | पत्र | मिति, समय, अवधि |
|---|---|---|---|---|
| १ | १४८६८-१४८६९/०८१-८२ (खुला/समावेशी) | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | प्रथम पत्र | २०८२/०३/०५, (दिनको १:०० बजे), ४५ मिनेट |
| | | | द्वितीय पत्र | २०८२/०३/०५, (दिनको २:१५ बजे), २ घण्टा १५ मिनेट |

**सुर्खेत परीक्षा केन्द्र**

| क्र.स. | रोल नं.(देखि सम्म) | | परीक्षा केन्द्र | उम्मेदवार संख्या |
|---|---|---|---|---|
| १ | ६५०००१ | ६५००४९ | श्री लोक सेवा आयोग, सुर्खेत **कार्यालय (परीक्षा भवन),** परीक्षा केन्द्र। | ४९ |

**हुम्ला परीक्षा केन्द्र**

| क्र.स. | रोल नं. | परीक्षा केन्द्र | उम्मेदवार संख्या |
|---|---|---|---|
| १ | ७१०००१ देखि ७१०००१ | श्री मानसरोवर बहुमुखी क्याम्पस, सिमकोट, हुम्ला। | १ |

**द्रष्टब्य :- (परीक्षार्थीहरूले अनिवार्यरुपमा पालना गर्नु पर्ने विषयहरू)**

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ। प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले यस कार्यालयबाट परीक्षा सञ्चालन हुनुभन्दा एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ।

३. परीक्षार्थीले **नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र** सहित उपस्थित हुनुहोला अन्यथा परीक्षामा सम्मिलित गराइने छैन।

४. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ।

५. परीक्षा भवनमा **झोला, मोबाइल, स्मार्ट घडी तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू** लैजान निषेध गरिएको छ।

६. परीक्षामा कालो मसी भएको **कलम/डटपेन** मात्र प्रयोग गर्नु पर्नेछ।

७. बस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी अक्षर (Capital Letter) A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

| | | |
|---|---|---|
| (बृज लाल चौधरी)<br>कम्प्युटर अपरेटर | (सरस्वती सापकोटा)<br>शाखा अधिकृत | (आनन्द पौडेल)<br>उपसचिव |